स्थानीय सरकार
नगर कार्यपालिकाको कार्यालय
मध्यपुर थिमि नगरपालिका
मध्यपुर थिमि, भक्तपुर
बागमती प्रदेश, नेपाल
(कृषि शाखा)

पत्र संख्या :- ०७७/०७८ मिति: २०७७/१०/२६
च.नं. :-

सूचना ! सूचना !! सूचना !!!

आ.व. ०७७/७८ मा नेपाल सरकार, राष्ट्रिय फलफूल विकास कार्यक्रम अन्तरगत वित्तिय हस्तान्तरण मार्फत यस म.थि.न.पा., भक्तपुर अन्तरगत स्थानीय कृषकहरुका लागि गुणस्तरीय विरुवा आपुर्ति बृद्धि गर्ने उद्धेश्यले **नयाँ बहुउद्धेश्यीय नर्सरी स्थापना कार्यक्रम** सञ्चालन गरिने भएकोले तपशिलमा उल्लेखित मापदण्ड पुरा भएका इच्छुक **कृषक/कृषक समुह/कृषि सहकारी/निजी फर्म/दर्ता भएका फलफूल नर्सरी**हरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात मितिः २०७७/११/१० गते भित्र यस म.थि.न.पा. कार्यालयको कृषि शाखामा आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै यस विषयमा थप जानकारीका लागि यस म.थि.न.पा. कार्यालयको कृषि शाखामा सम्पर्क गर्न हुन समेत अनुरोध छ ।

तपशिलका मापदण्ड पुरा हुनु पर्ने:

१. नयाँ बहुउद्धेश्यीय नर्सरी स्थापनका लागि **मुख्य उत्पादन फलफूलका विरुवा** र अन्य उत्पादनमा तरकारी, आलंकारीक विरुवा समेत समावेश गर्न सकिने प्रकारको नर्सरी हुनु पर्ने,

२. सम्बन्धित विरुवा उत्पादनका लागि भौगोलिक तथा हावापानीको दृष्टिकोणबाट उपयुक्त स्थानमा नर्सरी अवस्थित हुनु पर्ने,

३. नर्सरी स्थापना तथा विरुवा उत्पादनका लागि जालीघरमा भए कम्तीमा २ रोपनी र खुल्ला जग्गामा भए कम्तीमा ५ रोपनीमा नर्सरी हुनु पर्ने,

४. आफ्नो स्वामित्वको जग्गा नभई करारमा लिईने नर्सरी स्थापना गर्न चाहेमा वा गरेमा कम्तीमा १० बर्षको लागि करार सम्झौता गरेको हुनु पर्ने,

५. नर्सरीमा वार्षिक रुपमा कम्तीमा १०,००० देखि १५,००० सम्म गुणस्तरीय फलफूल विरुवा उत्पादन क्षमता भएको हुनु पर्ने,

६. बर्षैभरी पानीको उपलब्धता सुनिश्चित भएको स्थान हुनु पर्ने,

७. विजुली तथा सञ्चार सुविधा भएको हुनु पर्ने,

८. नर्सरी भएको स्थानमा कुशल श्रमिकहरु सजिलै उपलब्ध हुन सक्ने हुनु पर्ने,

स्थानीय सरकार
# नगर कार्यपालिकाको कार्यालय
# मध्यपुर थिमि नगरपालिका
मध्यपुर थिमि, भक्तपुर
वागमती प्रदेश, नेपाल
कृषि शाखा

मिति: २०७७ १० २६

पत्र संख्या - ०७७ ०७८
च.न :-

क्रमश

९. वार्षिक विरुवा उत्पादन कार्य योजना तयार गरि कार्यान्वयन गरेको हुनु पर्ने,

१० नर्सरी विरुवा उत्पादन सम्वन्धी तालिम लिएको र कृषि विषय अध्ययन गरि नर्सरी स्थापना गर्न चाहने व्यक्तिलाइ प्राथमिकता दिइने छ ।

**निवेदनको साथ पेश गर्न पर्ने कागजातहरु:**

१ सूचना अनुसारको कार्यक्रम मागको आवेदन,
२ सम्वन्धित निकायमा दर्ता, नविकरण भएका कृषक, कृषक समुह, कृषि सहकारी, निजी फर्म, दर्ता भएका फलफूल नर्सरीहरुको प्रमाण पत्रको प्रतिलिपी,
३ कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको करारनामा गरेको सम्झौता-पत्र,
४ निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी,
५ कार्य समितिको निर्णयको प्रतिलिपी,
६ सम्वन्धित वडाको सिफारिस ।

ध्रुवकृष्ण श्रेष्ठ
शाखा अधिकृत

फोन नं ०१ ६६३००४२, ६६३१४०५, ६६३५७०४, ६६३७६५२ फयाक्स ६६३०२२५ एम्वुलेन्स सेवा ६६३१००० www.madhyapurthimimun.gov.np